# एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

## Unified Communist Party of Nepal (Maoist)

## केन्द्रीय समिति

## Central Committee

प.सं. :-

च.नं. :-

### प्रेस-वक्तव्य

धादिङ जिल्लामा पौष २४ गते राति ९:०० बजे एमालेसम्वद्ध युथफोर्सका कार्यकर्ताले खुकुरी प्रहार गरी केवलपुर-८ का सरस्वती प्रा.वि.का शिक्षक प्रकाश आचार्य, एकीकृत ने.क.पा.(माओवादी)का इलाका सदस्य खुमबहादुर आचार्य (सानु) र अनेरास्ववियू(क्रान्तिकारी)का प्रकाश आचार्यलाई गम्भीर घाइते बनाएका छन् । घाइते शिक्षक प्रकाश आचार्य हाल शिक्षण अस्पताल, महाराजगञ्जमा उपचाररत हुनुहुन्छ । त्यसैगरी, घाइते कार्यकर्ता खुमबहादुर र विद्यार्थी प्रकाशको पनि स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।

सर्वप्रथमतः हामी आक्रमणमा परी घाइते हुनुभएका कमरेडहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं र घाइतेहरूको स्वास्थोपचारको सम्पूर्ण खर्च बेहोर्न एवम् घाइतेहरूलाई क्षतिपूर्तिको व्यवस्था गर्न राज्यपक्षसित माग गर्दछौं ।

यसबीचमा राज्यको संरक्षणमा सत्ताधारी एमालेको गुण्डागर्दी र माओवादी कार्यकर्ताको हत्या एवम् हत्याप्रयासको एउटा शृङ्खला नै बनेको छ । यो वर्ष ताप्लेजुङमा मात्रै एमाले र कांग्रेस कार्यकर्ताको आक्रमणमा हाम्रा तीनजना कमरेडहरूको ज्यान गइसकेको छ । सल्यानमा केही समय पहिले गृहमन्त्रीको ठाडो निर्देशनमा भएको युथफोर्सद्वारा गुण्डागर्दीको घटना सेलाएकै छैन । धादिङमै डेढहप्ता पहिलेमात्रै एमाले कार्यकर्ताले दार्खाफेदी निवासी माओवादी समर्थक सन्तबहादुर तामाङलाई गोली हानी गम्भीर घाइते बनाएका थिए र घाइते तामाङ अझै उपचारकै क्रममा हुनुहुन्छ । उक्त गोलीकाण्डका अभियुक्तलाई हालसम्म न त गिरफ्तार गरिएको छ, न त गोली हान्न प्रयोग भएको पेस्तोलको नै राज्यले कुनै खोजी गरेको छ । यसबाट कतै गृहमन्त्री स्वयंले युथफोर्सका कार्यकर्तालाई हतियार बाँडेका त छैनन् भन्ने गम्भीर प्रश्न उब्जाएको छ । यो सत्ताको दुरुपयोग र राज्यआतङ्कको पराकाष्ठा हो ।

एमालेको युथफोर्स नामधारी अर्धसैनिक जत्थाले गरेको यी गुण्डागर्दी, ज्यादती र ज्यानमार्ने उद्योगको एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) घोर निन्दा एवम् भर्त्सना गर्दछ । र, कठपुतली सरकारलाई यस्ता शान्तिप्रक्रियाविरोधी हर्कतलाई प्रोत्साहन नगर्न र घटनामा संलग्न अपराधीहरूलाई तुरुन्त गिरफ्तार गरी कारबाही चलाउन हाम्रो पार्टी जोडदार आग्रह गर्दछ । अन्यथा, उत्पन्न हुनसक्ने असहज परिस्थितिको जिम्मेवार स्वयं कठपुतली सरकार नै हुनेछ ।

*२०६६ पुस २५ गते*

दीनानाथ शर्मा
प्रवक्ता

Parisdanda, Koteshwor, Kathmandu Phone :- 01-4602290 , 4602288 Fax :- 01-4602289 e-mail :- ucpnm.chq@gmail.com